# परमेश्वरको वचनको अध्यान

## घरेलु बाइबल अध्ययन



प्रेरित १६:३२ यसर्थ पावल र सिलासले प्रभुको सन्देश जेल अधिकारी र उसको घरमा भएका सबैलाई भने।

प्रेरित १७:११ यी यहूदीहरू थिस्सलोनिकाका भन्दा असल थिए। तिनीहरूले खुबै चासो लिएर पावल र सिलासले भनेको संन्देश सुनिरहेथे। यहूदीहरूले प्रत्येक दिन धर्मशास्त्र पढने गर्थे। तिनीहरू कुरा सत्य नै हो की भनेर जान्न चाहन्थे।

# परमेश्वरको वचनको अध्यान

पाठ १

पाठ २

पाठ ३

पाठ ४

पाठ ५

पाठ ६

पाठ ७


पाठ ८

पाठ ९

पाठ १०


पाठ ११

पाठ १२



# परमेश्वरको वचनको अध्यान


घरेलु बाइबल अध्ययन



## पाठ एक

# पुरानो क़रार र तिनको परिचय

## अज्ञानतामा




## विवेकमा




## कुलपिताहरू




## व्यावस्था र अगमवक्ताहरू



# पुरानो करारको पुस्तकहरु

***३२ जाना लेखकहरु***

***छतिस सयौं वर्षा(३६००) देखिको मानव इतिहास***

***१५०० सय वर्षा बाईबल लेख्नाका लागि (१ पत्रुस १:२१)***

> ***२ पत्रुस १:२१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन,तर पवित्र आत्माबाट प्रेरणा पाएरमानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।***


**इतिहास १२**

**व्यावस्था ५**


कविता ५

भविष्यवाणी १७



# सुरुमा परमेश्वर




**1** प्रकाश र अन्धकारको विभाजित

**2** आकाश र पानीको विभाजित

**3** सुक्खा जमीन - समुद्रहरू ( घाँस, बिरुवाहरू, रूखहरू )

**4** सूर्य - चन्द्रमा ताराहरू (दिनहरू, ऋतुहरू वर्षाहरू )

**5** समुद्रको माछा (समुद्रमाथिको चराचुरुंगीहरू)


**6** पशुहरू र मानव (उत्पत्ति २:२)

**7** परमेश्वरले यस दिनमा विश्रामलिनुभयो

# हप्ताको सृष्टि

# छनोटको शक्ति

आदम र हावा



**अज्ञानताको समय (उत्पत्ति २:२५)**

**मानिवजातिले पापलाई रोजेको (उत्पत्ति ३:१-८)**



*“उत्पत्ति २:१७ तर असल र खराबको ज्ञान दिने रूखको चाहिँ नखानु, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस्.”*

**पापले परमेश्वरसंगको सम्बन्धलाई तोडेको**




**पापमा गिरेको**


पहिलो न्याय
प्रतिज्ञा
उत्पत्ति ३:१५ तेरो र स्त्रीको बिचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्च्चाउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।"
चार न्यायहरू
उत्पत्ति ३:१५-१९
१ शैतान माथि श्राप
२ नारी माथि श्राप
३ जमीन माथि श्राप
४ मानिस माथि श्राप

# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल अध्ययन



## पाठ दुई


# मानिस जाति पापमा डुबेदेखि नोआको समय सम्मा

## चेतनाको समय

Adam

अबेल

कइन



उचित बलिदान

अनुचित बलिदान

**उत्पत्ति (४:३-७)**


**Abel** **Seth**

**उत्पत्ति ४:२६ शेतको पनि एउटा छोरो भयो,र तिनको नाउँ एनोश राखियो। त्यस समयदेखि मानिसले परमप्रभुका नाउँको पुकारा गर्न शुरू गरे ।**




**उत्पत्ति ४:२६ *त्यस समयदेखि मानिसले परमप्रभुका नाउँको पुकारा गर्न शुरू गरे ।***

***" उत्पत्ति ६:५-६ पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो। ६ पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दु:खित हुनुभयो।."***



**"उत्पत्ति ६:८ तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो।"**

# धार्मिक परिवारको संरक्षित



## जहाजको निर्माण

(उत्पत्ति (६:१४-१६)


## जहाजको विशेषताहरु

**एउटा ढोका**
**तीन तलाहरू**
**४५० फिट लम्बाई**
**४५ फ़िट उचाइ**
**७५ फ़िट** चौडाइ

**"उत्पत्ति ६:६-७ पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका ह्रदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो। ६ पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दु:खित हुनुभयो। ७ त्यसकारण परमप्रभुले भन्नुभयो,"मैले सृष्टि गरेको मानिसलाई पृथिवीबाट म मेटिदिनेछु-के मानिस, के घस्रने जन्तु, के आकाशका पक्षी सबैलाई- किनभने ती बनाएकोमा मलाई दु:ख लागेको छ।।"**

उत्पत्ति ९: ११-१३


**नोआसँग बाँधिएको इन्द्रेणीको क़रार**




**"२ प्रत्रुस २:५ उहाँले प्राचीन संसारलाई बाँकीराख्नुभएन, तर भक्तिहीनताको संसारमा जलप्रलय गरउनुहुँदा धार्मिकताको प्रचारक नोआ र अरू सात जनालाई सुरक्षित राख्नुभयो।"**

# मानिसजातिको न्याय

“मत्ती २४:३७-४४ मानिसको पुत्रको आगमन नोआको दिनहरूलाई हुनेछ। ३८ किनकि जसरी जलप्रलयभन्दा अगाड़ि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइराहेका, पिइराहेका र विवाहबारी गरिरहेका थिए, ३९ अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन्। मानिसको पुत्रको आगमन पनि तेस्तै हुनेछ। ४० त्यस बेला दुइ जना खेतबारीमा हुनेछन्, एक जना लगिनेछ, अर्को छोड़िनेछ। ४१ दुइ स्त्रीहरू जाँतो पिँधिरहेका हुनेछन्, एउटी लगिनेछ, अर्की छोड़िनेछ। ४२ यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ। ४३ तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन । ४४ यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ।”



## *नोआको समयमा*

**उत्पत्ति ६:५ ;११**

मोजमज्जा , विवाहबारी गरिरहेका

तिनीहरू किनबेच, रोपिरहेका र निर्माण गरिरहेका

आउँदै गरेको परमेश्वरको न्ययालाई विश्वास गरेन्न

ज़्यादा दुस्टाता

बाढी आयो

## मानिसको पुत्र

फ़िलिप्पी ३:१७ -१९

मत्ती २४:३८ -३९

लूका १७:२६-३०


लूका २१:३४ -३५

२ तिमोथी ३:१ -४

२ पत्रुस ३:३ - ७

# परमेश्वरको वचनको अध्यान


घरेलु बाइबल अध्ययन





## पाठ तीन

# भाषाहरुको उत्पति \ राष्ट्रहरुको सुरुवात

उत्पत्ति १०:१ नोआको छोराहरू शेम, हाम र येपेतको वृत्तान्त यही हो। जलप्रलयपछि तिनका पनि छोराहरू जन्मे।



•उत्पत्ति ११:५-९ मानिसहरूका सन्तानले बनाइरहेका शहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो। ६ अनि परमप्रभुले भन्नुभयो,"यदि एउटै भाषा बोल्ने एउटै जातिले स्थानमा अहिले यिनीहरूले यो गरे भने,अब तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुनेछैन। ७ आओ , तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदियौं, र तिनीहरूले एक-अर्काको बोली नबुझून् ।" ८ तब परमप्रभुले त्यहिँबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो, र तिनीहरूले त्यो शहर बनाउन छोड़िदिए। ९ यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो।

# छानिएको राष्ट्र
## कुलपिताहरुको समय

**परमेश्वरबाट अब्राहामको बोलावट**

**"उत्पत्ति १२:१-३ परमप्रभुले अब्रामलाई भन्नुभयो,"तेरा देश तेरा कुटुम्ब तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्याहाँ जा। २ "म तँबाट ठूलो जाति खड़ा गर्नेछु।र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषका मूल हुनेछस्। ३ तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु। तँद्धारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।"**

*प्रतिज्ञा*


**ख़तनाको क़रार**
उत्पत्ति १७:१०-१४

**इश्माएलको जन्म**
उत्पत्ति १६:१५
**अरब राष्ट्रहरु**

**इसहाकको जन्म**

***उत्पत्ति २१:१-३ आफूले भन्नुभएअनुसार सारालाई परमप्रभुले कृपा देखाउनुभयो,र आफ्नो प्रतिज्ञाबमोजिम गर्नुभयो। २ सारा गर्भवती भइन्, र अब्राहामको वृद्धवस्थामा, परमेश्वरले आब्राहामलाई भन्नुभएको समयमा तिनले एउटा छोरा जन्माइन्। ३ साराले तिनीबाट जन्माएको आफ्नो छोराको नाउँ आब्राहामले इसहाक राखे।***

**लोत र अब्राहम छुटिएको**
उत्पत्ति १३:८-१३



**लोतको परिवार सदोमबाट भगेको**
**उत्पत्ति १९:१- २८**



**अब्राहमले इसहाकलाई बलिदानको रुपमा अर्पण गरेका**
**उत्पत्ति २२:१-१४**

# छानिएको राष्ट्र

उत्पत्ति २५:२१-२६-

**इसहाक**


**एसाव** **याकूब**

**याकूबले आशिष् प्राप्त गर्न छलेको**
उत्पत्ति २७:२६-३३

*उत्पत्ति ३२ :२४-२८ "यसरी याकूबचाहिँ
एकलै छोड़िए। अनि एक जना व्यक्ति
उज्यालो नहोउञ्जेल तिनीसित कुश्ती लड़े।
२५ यी व्याक्तिले याकूबलाई जित्न नसकेका
देखेर याकूबका कम्मरको खोक्रो भाग छोए, र
उनीसित कुश्ती लड़्दालड़्दै याकूबको
कम्मरको गेड़ी फुस्क्यो २६ तब ती व्याक्तिले
भने,"उज्यालो हुन लाग्यो। मलाई जान देऊ।"
तर याकूबले भने,"मलाई आशीर्वाद
नदिउञ्जेल म तपाईलाई जान दिन्नँ।" २७
उनले तिनलाई भने,"तिम्रो नाउँ के हो?"तिनले
भने,"याकूब।"२८ त्यस व्यक्तिले भने, अब
उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्राएल
हुनेछ, किनभने तिमीले परमेश्वर र
मानिसहरूसँग लड़न्त गर्यौ, अनि विजयी
भयौ।"*




**याकूबले जन्मसिद्ध अधिकार किनेको**
उत्पत्ति २५ : २९-३४



**याकूबको स्वर्गीय दर्शन**
उत्पत्ति २८:१०-२२

*प्रतिज्ञा*



**याकूबको नाम इस्राएल भएको**

# छानिएका राष्ट्र

**इस्राएलकोछोराहरु**

**इस्राएलका बाह्रकुलहरु**

**रूबेन**

शिमियोन

लेवी

यहूदा

जबूलून

इस्साखार

दान

गाद

आशेर

नप्ताली

योसेफ़


बेन्यामीन < **एप्रैम**, **मनश्शे**


**उत्पत्ति ४८: ५ - 6**

**उत्पत्ति ४९:३ - २७**



**योसेफ़लाई तिनका दाज्यूहरुले बेचेका**
**उत्पत्ति ३७:१२-२८**



**योसेफ़ झ्यालखानमा परेका**
उत्पत्ति ३९:२०

**योसेफ़ले फारोको सपनाको अर्थ बताएका**
उत्पत्ति ४१

**योसेफ़ले दादुभाइहरूलाई क्षमा दिएको**


**उत्पत्ति ४५:५ तिमीहरूले मलाई बेचेकोमा अब दु:ख नमान। आफैमाथि पनि रीस नगर, किनकि प्राणहरू बचाउनका निम्ति परमेश्वरले मलाई तिमीहरूका अघि यहाँ पठाउनुभएको हो।**

**इस्राएलीहरू गोशेनमा बसोबास गरेका**
उत्पत्ति ४७:११-१२

**इस्राएलीहरु दासत्वमा परेको**
प्रस्थान १:८-१४

# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल
अध्ययन




## पाठ चार

# प्रस्थान

## छुटकाराको लागि योजना

*प्रस्थान ३:८ यसैले तिनीहरूलाई मिस्रीहरूका हातबाट छुटकारा दिएर त्यस देशबाट एक असल र ठूलो देश, अर्थात् दूध र मह बग्ने देश-कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसीहरूका देशमा ल्याउनलाई म ओर्लिएको छु।*


*प्रतिज्ञा*




**इज्राएलीहरूलाई छुटाउन मोसा फारो राजाकहाँ ज़हीर भएको**

### दस महामारीहरु

**पानी रगत भएको , भ्यागुताहरू , जुम्राहरु , झिंगाहरू , मिश्रीहरुको गाईवस्तु नष्ट परिएको , असिनाको विपती , अन्धकारको विपती , मिश्रीहरुको पहिलो जन्मिएको छोराहरुको हत्या**



**ढोकामा रगत**
प्रस्थान १२:१-३६



**लाल समुन्द्र तरेका**
प्रस्थान१४:१३-३१



**मोसा र जलिरहेको झाडी**
प्रस्थान ३:१-१०




**मोसाको जन्म** प्रस्थान २:२-१०

# इज्राएलीहरू सिनै पर्वतमा

## व्यवस्थाको समय

**पवित्र वासस्थान**






**दस आज्ञाहरू दिइएको**
प्रस्थान २५:८

**“ प्रस्थान २५:८-९ " म तिनीहरूका मध्यमा बस्नलाई तिनीहरूले मेरो लागि एउटा पवित्रस्थान बनाऊन् । ९ मैले तँलाई देखाउने नमूनाबमोजिम पवित्र वासस्थान र त्यसका सबै सामानहरू तैंले बनाउनू ।”**


**चालीस वर्ष सम्मा**
**उजाडस्थानमा**
**भौंतारिरहेका**





# पवित्र वासस्थान

## मानाव जाति परमेश्वरमा नजिक भएको




**हिब्रू ८:५ तिनीहरूले स्वर्गीय पवित्रस्थानको नकल र छायाको सेवा गर्दछन् , किनकि मोशाले पवित्र वासस्थान बनाउन लाग्दा परमेश्वरको यस्तो आदेश पाएका थिए, "पर्वतमा तिमीलाई देखाइदिएको नमूनाबमोजिम तिमीले सब थोक बनाऊनू।"**

### प्रकार र छायाँ


**१ कोरिन्थी १०:११**
**कलस्सी २:१६-१७**
**हिब्रू ८:५**
**हिब्रू ९:८-९,२४**
**हिब्रू १०:१**
**१ पत्रुस ३:२१**

### पवित्र वासस्थानको नाप

**१० हात उच्च**
**१० हात चौडाई**
**३० हात लम्बाई**

# बलि चढाउने वेदी

नापन मिलेको छैन




**पुजारी कॉसाको बेदी भएर पवित्र वासस्थानको नजिक अ◌ाउथे जहाँ पापको लागि बलि चढाउथे**

**“ लेवी १७:११ किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ। मैले रगतचाहिँ वेदीमा तिमीहरूको निम्ति प्रायश्चित गर्नलाई दिएको छु, किनभने रगतद्वारा नै मानिसका जीवनको निम्ति प्रायश्चित गरिन्छ। ”**

**येशू ख्रीष्ट हाम्रो सिद्ध बलिदान भए**

***“यूहान्ना १:२९ भोलिपल्ट उनको येशूलाई आफूतिर आइरहनुभएको देखेर भने,"हेर, ससारको पाप उठाइलैजाने परमेश्वरका थुमा ! ”***




## पुजारी कॉसाको बेदी

**बलि चढाउने ठॉउ**
**मृत्यु**
**रक्तपात**

# कॉसाको धुने भॉड़ा

नापन मिलेको छैन



वेदीमा जना अगाडी पुजारीले कॉसाको धुने भॉड़ामा आफुलाई सफा पर्नुपर्ने

"प्रस्थान ३०:२० जब तिनीहरू भेट हुने पालमा पस्छन्, कि वेदीनेर सेवा गर्नलाई परमप्रभुको निम्ति आगोद्धारा चढ़ाइने बलि जलाउनलाई आहुछन्"

कॉसाको धुनें भॉड़ा यस्तो ठॉउ हो जहाँ सारा पापलाई धुदछ जसरी बप्तिस्मा गरेर सारा पापलाई धुदछ।


*"कॉसाको धुनें भॉड़ा यस्तो ठॉउ हो जहाँ सारा पापलाई धुदछ जसरी बप्तिस्मा गरेर सारा पापलाई धुदछ।"*



## कॉसाको धुने भॉड़ा

शुद्ध हुने ठॉउ

# पवित्र ठाउँ
## (आराधना गर्ने ठाउँ)







## सुनको सामदान

**पवित्र वासस्थानमा बत्तीमात्र**

*“यूहान्ना ८:१२ येशुले फेरि तिनीहरूलाई भन्नुभयो,"म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धाकारमा हिँड्डल गर्नेछैन,तर त्यसले जीवनको ज्योति पाउनेछ।"”*




यूहन्ना ६:३५

## रोटी राखिएको टेबिल

**पुजारीको दैनिक रोटी**

*“यूहान्ना ६:५१ स्वर्गबाट ओर्लिएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो। ”*

प्रकाश ८:३
हिब्रू १३:१५



## धूप लगाउने वेदी

**बलि चढाउने वेदीबाट आगो निस्किन्छ**

**वेदी घुम्टोको अगाढि राखिन्थ्यो**


**दैनिक आराधना र प्रार्थना गर्ने ठाउँ**


“*१पत्रुस २:९* तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक ।”

# पवित्र को पवित्र

## (घुम्टोको पछाडी )

नापन मिलेको छैन






*“ प्रस्थान २५:२२ त्यहीँ म तँसित भेट गर्नेछु, अनि कृपा-आसनमाथि, गवाही-पाटीको सन्दूकमाथि हुने ती दुइ करूबहरूका बीचबाट इस्राएलीहरूका निम्ति सबै आज्ञाहरू म तँलाई दिनेछु । ”*

**गवाहीको सन्दूक**

**प्रस्थान २५:१०-११**

**नीलों पर्दा , बैजनी, रातो धागो प्रस्थान ३६:३५ पर्दा ------ उहाँको शरीर ----- हिब्रू १०:२०**

**सन्दूकको सामग्रीहरू**

**कोपिला लागेको हारुनको लौरो – -हिब्रू ९:४**






**करारको शिला-पाटीहरु प्रस्थान २५:१६ हिब्रू ९:४**

**मन्न राखेको सुनको भाँडो हिब्रू ९:४**



# पवित्र वासस्थान देखि क्रूस सम्म




**पवित्र आत्मा**

*"प्रेरित २:४ अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारण बमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे।"*

**बप्तिस्मा**

"प्रेरित २:३८ प्रत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशु ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।"

**पश्चात्ताप**

*" रोमी ६:६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँकियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं।"*


# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल अध्ययन



## पाठ पाँच

# प्रतिज्ञाको देश



बाह्र कुलमा देशको विभाजन
गैलील- समुद्र
यरीहो शहरको नष्ट
यहोशू ६
यहोशू १:५ तेरो जीवनभरि तेरो सामुन्ने कोही मानिस खड़ा हुन सक्नेछैन। जसरी म मोशासँग रहें, त्यसरी नै म तँसँग रहनेछु। म तँलाई छोड्ने, अनि तँलाई त्याग्नेछैनँ।
यार्दन नदी
यहोशूले इस्राएलीहरुलाई डोऱ्याएको
यहोशू १:१-११
यरीहो
गिलगाल
मोशाको मृत्यु नेबो डॉडामा
" न्यायकर्ता २:१६ त्यसपछि परमप्रभुले तिनीहरूमाथि न्यायकर्ताहरू खड़ा गर्नुभयो, जसले तिनीहरुलाई यी डाकाहरुका हातबाट बचाए। "
मृत समुद्र
बाह्रवोट पत्थरहरु
यहोशू ४:२०-२४
परमेश्वरले न्यायाधीशहरूलाई शासन गर्न पठाउनु भयों
१ अ◌ोत्निएल
२ एहूद
३ शमगर
४ दबोरा
५ बाराक
९ याईर
१० यिप्ता
११ इब्सोन
१२ एलोन
१३ अब्दोन

# संयुक्त राज्य

**इस्राएलीहरू ले राजाको माग गरे**

*“१ समूएल ८:४-५ यसकारण इस्राएलका सबै धर्म-गुरूहरू भेला भई रामामा शमूएलकहाँ आए। ५ तिनीहरूले तिनलाई भने, "तपाईं अब वृद्ध हुनुभयो, अनि तपाईंका छोराहरू तपाईंका चालमा हिँड्दैनन्। यसकारण अरू जातिहरूजस्तै हामीमाथि शासन गर्नलाई एउटा राजा नियुक्त गरिदिनुहोस्।".”*



## शाऊल राजा

**४० वर्षा राज्य गरेका**

*“१ समूएल १०:१ शमूएलले एक ढुँग्रो तेल लिएर शाऊलको शिरमा खन्याइदिए, अनि उनलाई चुम्बन गरेर भने, " परमप्रभुले तपाईंलाई आफ्नो प्रजा इस्राएलमाथि राजा अभिषेक गर्नुभएको छ। ”*

बिन्यामीनको कुल
१ शमूएल ९:१
उभिँदा शाऊल इस्राएलमा अन्य मानिसहरू भन्दा अग्ला थिए । १शमूएल ९:२
शाऊललाई परमेश्वरले अस्वीकार गर्नुभो
१शमूएल १६:१४



## दाऊद

**४० वर्षा राज्य गरेका**

*“१ समूएल १६:१३ शमूएलले तेल भएको सीङ लिएर तिनका दाज्यूहरूका सामु तिनलाई अभिषेक गरे। तब परमप्रभुका आत्मा दाऊदमाथि आउनुभयो, र त्यस दिनदेखि उसो तिनीसँग रहनुभयो।त्यसपछि शमूएल रामाको बाटो लागे।”*

भेडा गोठालो
१शमूएल १६:११
दाऊदले गोल्यतको हत्या गरेका
१शमूएल १७
परमेश्वरले दाऊदमा उहाँकै जस्तै हृदय भेटाउनुभो
प्रेरित १३:२२



## सोलोमन


**४० वर्षा राज्य गरेका**

*“१ राजा १:३४ त्यहाँ सादोक पूजाहारी र नातान अगमवक्तले त्यसलाई इस्राएलमाथि राजा अभिषेक गरून् । तुरही बजाओ र यसो भनेर कराओ, "राजा सोलोमन अमर रहोस्, "*

सोलोमनलाई परमेश्वरले बुद्धिका दिनुभयो
१ राजा ३
मन्दिरलाई निर्माण गर्नुभो
१ राजा ६


एलिया
परमेश्वरको आउनै लागेको न्यायको चेतावनीको लागि इस्राएलमा अगमवक्ता पठाउनुभो
एलीशा
अश्शूरी क़ैद
७२१ वि .सि
इस्राएलका राज्य
इस्राएलका दस कुल पिता(उत्तरी राज्य)
सामरिया - राजधानी.
१९ राजाहरू
यारोबामको विद्रोह
विभाजित राज्य
रहबाम सोलोमनका छोरा
यहूदाका राज्य
दुई कुल पिता(दक्षिणी राज्य)
यरूशलेम-राज्य
१९ राजाहरू ,१ रानी
बेबिलोनी कैदहरु ६०६ वि .सि
दानिएल
इजकिएल
परमेश्वरको आउनै लागेको न्यायको चेतावनीको लागि यहूदामा अगमवक्ता पठाउनुभो
यशैया
यर्मिया
यरूशलेमको नाश
दानियल र इजकिएलले बेबिलोनी कैद समयमा भविष्यवाणी गरे

# यरूशलेममा फर्केका




**यरूबाबेलले मन्दिरको पुनर्निर्माण गरेका**
५३६ वि.सि को शुरुवातमा

**अगमवक्ताहरू – हाग्गै , जकरिया , & मलाकीले मानिसहरूलाई प्रोत्साहन र ताड़ना दिए.**

**“मलाकी ३:१ "हेर, म आफ्ना समाचारवाहकलाई पठाउनेछु, र तिनले मेरो अगिअगि बाटो तयार गर्नेछन् । तब एक्कासि ती प्रभु, जसलाई तिमीहरू खोज्दछौ, आफ्नो मन्दिरमा आउनेछन्, अर्थात् करारका ती समाचारवाहक आउनेछन्, जसलाई तिमीहरू औधी चाह गर्दछौ," सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ ।.”**

**बेबिलोन देखि यरूशलेममा फर्केका → यरूबाबेल , एज्रा, नहेम्याह**


**नहेम्याहले पर्खालको पुनर्निर्माण गरेका (४४४ बि . सि**



**पुरानो नियमको समाप्त**
**चार सय वर्ष सम्मै मौन**

# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल
अध्ययन



पाठ छ

# नयाँ नियममाको परिचय

पुरानो नियमका र नयाँ नियमका
बीच ४०० साल मौन

***२७पुस्तकहरु***
***८ लेखक***
***१०० साल***

"मत्ती ५ :१७ -१८ व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन,तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु,जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँजैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्र बिन्दु टल्नेछैन। "

"२ तिर्मोथी ३:१६ सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, "

## नयाँ नियममा को पुस्तकहरु

मण्डलीको
इतिहास

खीष्टको जीवनी
गवाही

मण्डलीलाइ निर्देशन

पावलको पत्रहरू

सामान्य पत्रहरू

भविष्यवाणी



# बप्तिस्मा दिने यूहन्ना

## ख्रीष्टको अग्रदूत



### बप्तिस्मा दिने यूहन्नाको विषयमा भविष्यवाणी

**" यशैया ४०:३ कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छ:"मरूभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर। उजाड़-स्थानमा हाम्रा परमेश्‍वरको निम्ति मूलबाटो समतल बनाऊ। "**

**"मलाकी ३:१ हेर, म आफ्ना समाचारवाहकलाई पठाउनेछु, र तिनले मेरो अगिअगि बाटो तयार गर्नेछन् । तब एक्कासि ती प्रभु, जसलाई तिमीहरू खोज्दछौ, आफ्नो मन्दिरमा आउनेछन्, अर्थात् करारका ती समाचारवाहक आउनेछन्, जसलाई तिमीहरू औधी चाह गर्दछौ," सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ ।."**


### यूहन्नाले संसारलाई ख्रीष्टको विषयमा परिचय दिएका

***यूहान्ना १:२९ भोलिपल्ट उनको येशूलाई आफूतिर आइरहनुभएको देखेर भने,"हेर, संसारको पाप उठाइलैजाने परमेश्‍वरका थुमा !***

### यूहन्नाको सुसमाचार

**मत्ती ३:२** ***पश्‍चात्ताप गर, किनभने स्वर्गको राज्य नजीक आएको छ ।***

**मत्ती ३ :११ "पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजीक आएको छ।" ११ "मचाहिँ त तिमीहरूलाई पश्चात्तापको लागि पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुने मभन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्ने योग्यको म छैनँ। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।**



**मर्कूस १:८**
**लूका ३:२-१७**

# येशू ख्रीष्टको जन्म



**येशूको विषयमा भविष्यवाणी**

**जन्मस्थान**
**मिका ५:२**

**कन्याको गर्भबाट जन्म**
**यशैया ७:४**
**यशैया ९:६**

**“मत्ती १:२१ तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।"**
**”**

# येशू ख्रीष्टको  विषयमा भविष्यवाणी


***पुरानो नियमका भविष्यवाणी***

| | | |
|---|---|---|
| उत्पत्ति ३:१५ | **स्त्रीको सन्तानको** | मत्ती १:२० |
| यशैया ७:१४ | **पवित्र आत्माद्वारा जन्म** | मत्ती १:१८ |
| उत्पत्ति ४९:१० | **यहूदाका कुल** | लूका ३:२३ ,३३ |
| मीका ५:२ | **बेतलेहेममा जन्म** | मत्ती २:१ |
| भजनसंग्रह ७२:१० | **सुन, सुगन्धित धूप र मूर्रका भटी संग प्रस्तुत गरिए** | मत्ती २:१ , ११ |
| यर्मिया ३१:१५ | **हेरोदले बालकहरुलाई मार्न लगाए** | मत्ती २:१६ |
| यशैया ७:१४ | **उहाँको नाउँ इम्मानुएल राखिनेछ** | मत्ती १:२३ |
| यशैया ४०:३ | **एक दूत द्वारा** | मत्ती ३:१-२ |
| यशैया ३५:५-६ | **चमत्कारको सेवाकाइ** | मत्ती ९:३५ |
| जकरिया ९:९ | **एक गधामा चढेर यरूशलेम प्रवेश** | लूका १९:३५-३७ |
| भजनसंग्रह १६:१० | **पुनरुत्थान** | प्रेरित २:३१ |
| भजनसंग्रह ६८:१८ | **स्वर्गारोहण** | प्रेरित१:९ |
| भजनसंग्रह ४१:९ | **एक मित्रबाट धोका** | यूहन्ना १३:२१ |
| जकरिया ११:१२ | **तीस  चाँदीका सिक्काका  लागि बेचे** | मत्ती २६:१५ |
| जकरिया ११:१३ | **चाँदीका ती सिक्काहरु परमेश्वरको मन्दिरमा फ्याँके** | मत्ती २७:५ |
| जकरिया १३:७ | **सबै चेलाहरुले उहाँलाई छोड़ेर भागे** | मत्ती २६:५६ |
| भजनसंग्रह ३५:११ | **उहाँको विरुद्धमा झुटो गवाही दिएका** | मत्ती २६:५९-६० |
| यशैया ५३:७ | **उहाँमाथि दोष लगाए** | मत्ती २७:१२ |
| यशैया ५३:५ | **कोर्रा लगाएर क्रुसमा टाँगिनलाई सुम्पिदिए** | मत्ती २७:२६ |
| यशैया ५०:६ | **हाँमाथि थुके र निगालो लिएर उहाँको शिरमा हिर्काए** | मत्ती २७:३० |
| भजनसंग्रह २२:७-८ | **उहाँको गिल्ला गरे** | मत्ती २७:३१ |
| भजनसंग्रह २२:१६ | **हात र  खुट्टामा कीलाहरुका डोब** | यूहन्ना २०:२५ |
| यशैया ५३:१२ | **डाँकूहरुसंग क्रुसमा झुण्डयाइए** | मत्ती २७:३८ |
| भजनसंग्रह २२:१८ | **उहाँका वस्त्र लिएर प्रत्येक सिपाहीले एक-एक भाग हुने गरी भाग गरे** | यूहन्ना १९:२३-२४ |
| भजनसंग्रह २२:१ | **तपाईले मलाई किन त्याग्नुभएको छ ? भन्दै रुनुभयो** | मत्ती २७:४६ |
| भजनसंग्रह ३४:२० | **कुनै हड्डीहरु भाँचिएको थिएन** | यूहन्ना १९ :३३-३६ |
| जकरिया १२:१० | **भाला द्वारा उहाँको कोखमा घोच्ये** | यूहन्ना १९:३४ |
| आमोस ८:९ | **सम्पूर्ण देशमा नै अँध्यारो छायो** | मत्ती २७:४५ |
| यशैया ५३:९ | **धनी मानिसले आफैले खोपेर बनाएको चिहानमा गाडियो** | मत्ती २७:५७-६० |

***नयाँ नियममा भविष्यवाणी पूरा भएको***

# येशू ख्रीष्टको चमत्कारहरू


“यशैया ३५:५-६ तब अन्धाहलूका आँखा
खोलिनेछन्, र बहिराहरूका कान उघारिनेछन्।
६ तब लङ्गड़ाहरू मृगझैँ उफ्रनेछन्, र
गूँगाहरूको जिब्रोले स्तुति गर्नेछ। उजाड़-
स्थानमा पानी फुटेर निस्कनेछ र मरूभूमिमा
खोलाहरू बग्नेछन्।“



**बप्तिस्मा**

**मत्ती ३:१३-१७**

“मत्ती ११:२-६ यूहन्नाले ख्रीष्टका कामहरूको चर्चा झ्यालखानमा सुने, र आफ्ना चेलाहरूलाई उहाँकहाँ यो कुरा सोध्न पठाए,३"के आउनेवालाचाहिँ तपाईं नैं हनुहुन्छ, कि हामीहरू कोही अर्काको प्रतीक्षा गरौं?" ४ येशूले तिनीहरूलाई भन्नुभयो" तिमीहरूले सुनेका र देखेका कुराहरू यूहन्नालाई भनिदेऔं, ५ अन्धाहरूले दृष्टि पाउँछन्, र लङ्गड़ाहरू हिँड्दछन्। कुष्ठरोगीहरू शुद्ध पारिएका छन्। बहिराहरू सुन्न सक्ने भएका छन्। मरेकाहरू जीवित भई उठेका छन्, र दरिद्रहरूलाई सुसमाचार प्रचार गरिँदैछ। ६ धन्य हो त्यो, जसले मबाट बाधा पाउँदैन। "



**येशुको परीक्षा**


**मत्ती ४ : १-१०**



जन्मै अन्धाको आँखाखोलिएको
मत्ती ९ : २७ -३०




लङ्गडा हिढेको
यूहन्ना ५:५



कुष्ठरोगी निको भएको
मत्ती ८:२-४




बहिरो निको भएको
मर्कूस ७:३५-३७



मरेकोलाई जीवित पार्नुभएको
यूहन्ना ११:४१-४४

# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल अध्ययन



पाठ सात

# येशुले नयाँ जन्माको बिषयमा सिकाउनुभएको

*“यूहान्ना ३:५ येशु जवाफ दिनुभयो,"साँच्चै म तिमीलाई भन्दछु,कोही पानी र आत्माद्‌वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। ”*

*“यूहान्ना ७:३७-३९ अब चाड़को पछिल्लो दिन, अर्थात् चाँड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोहि तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । ३८ जसले ममथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।" ३९ तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन ।”*



**येशू र निकोदेमस**
**यूहन्ना ३:१-७**

# येशुले दृष्टान्त सिकाउनुभएको

*“मत्ती १३:१०-११ अनि चेलाहरू आएर उहाँलाई भने, "तपाई तिमीहरूसँग किन दृष्टान्तहरूमा बोल्नुहुन्छ ?" ११ उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरूलाई त स्वर्ग-राज्यका रहस्यहरू-भने दिइएको छैन ।”*







**बीउ छर्नेको दृष्टान्त**

**मत्ती १३:१-२३**

**कस्तो प्रकारको ज़मीन हुनुहुन्छ तपाई आज ?**

**बहुमूल्य मोती**

**मत्ती १३:४५**

**तपाईं कति मूल्य लाहुनु हुन्छ ?**

**सुनका सिक्काको दृष्टान्त**


**मत्ती २५:१४-२५**

तपाईं आफ्नो जीवनलाई के गर्नु हुन्छ ?

# कलवारी सम्मको यात्रा



**यरूशलेममा येशूको विजय-प्रवेश**
मत्ती २१:१-१७
जकरिया ९:९



**अन्तिम भोजन**
मत्ती २६:१८-२८



**गेतसमनीमा येशूको प्रार्थना**
मत्ती २६:३६-४४

**पिटिए**
यशैया ५०:६
यशैया ५२:१४
यूहन्ना १९:१

**चंगाईको प्रावधान**
भजनसंग्रह १०३:३
यशैया ५३:५
१ कोरिन्थी १२:९
याकूब ५:१५-१६
१ पत्रुस २:२४



**विश्वासघात**
मत्ती २६:४६-५०



“यशैया ५३:५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्यो, र उसको कोर्राको चोटले हामी निको भयौं । ”



**परीक्षण/जाच/कानुनी सोधपुछ**
मत्ती २६:६२-६८


# ख्रीष्ट हाम्रो निम्ति मर्नु भएको

" रोमी ५:८ तर परमेश्वरले हाम्रा निम्ति प्रेम यसैबाट देखाउनुहहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो "

"

"रोमी ५:१० किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढ़ी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं ।"


*"२ कोरिन्थी ५:२१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पापी बनाउनुभयो।."*




मत्ती २७

# येशू बौरी उठेको

" १ कोरिन्थी १५:३-४ किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। ४ उहाँ गाड़िनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो। "





" प्रेरित १:३ आफ्नो दु:ख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुति गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो। "

**प्रभु येशूले चेलाहरुलाई देखा पर्नुभएको**

मत्ती २८:१६-२०
मर्कूस १६:९-२०
लूका २४:१३-५३
यूहन्ना २०:१९-३१
१ कोरिन्थी १५:४-७

**४० दिन देखा पर्नु भयो**

प्रेरित १:३

**पाँच सयभन्दा बढ़ी भाइहरुकहाँ एकसाथ देखा पर्नुभयो।**

१ कोरिन्थी १५:४-७

# महान् आज्ञा

" लूका २४:४७ अनि यरूशलेमबाट शुरू गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ । "

## महान् आज्ञा

मत्ती २८:१९-२०

मर्कूस १६:१५-१८

लूका २४:४५-४९

प्रेरित १:४-८

## महान् आज्ञाको मूलतत्व

1. विश्वास
2. पश्चात्ताप
3. पानीको बप्तिस्मा
4. पवित्र आत्मासंग अलौकिक संकेत
5. शिक्षा
6. चंगाई

"प्रेरित १:९ उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। ."




# ख्रीष्टमा शक्तिशाली परमेश्वर

- *"कलस्सी २:८-९ ध्यान देओ, कि कसैले दर्शनशास्त्र र खोक्रो छलद्वारा तिमीहरूलाई शिकार नबनाओस्, जो ख्रीष्टका अनुसार होइनन्, तर मानिसहरूको परम्परा र विश्वका आधारभूत सिद्धान्तहरूमाथि अड़िएका हुन्छन् । ९ किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ, "*

*"१ तिमोथी ३:१६ हामी स्वीकार गर्दछौं, कि हाम्रो विश्वासको रहस्य अति महान् छ: उहाँ स्वयम् शरीरमा प्रकट हुनुभयो,पवित्र आत्माद्वारा धर्मी ठहरिनुभयो,स्वर्गदूतहरूबाट देखिनुभयो,जाति-जातिहरूका माझमा प्रचारिनुभयो, संसारमा विश्वास गरिनुभयो, महिमामा माथि उचालिनुभयो।."*

*" २ कोरिन्थी ५:१९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो । तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको ."*



# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल
अध्ययन



## पाठ आठ

# मण्डलीको जन्म

## पवित्र आत्माको प्रतिज्ञा

*" लूका २४:४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरून्जेल तिमीहरू यही शहरमा बसिरहो।"*


*" प्रेरित १:८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ। "*

**यशैया २८:११-१२**
**यर्मिया ३१:३१**
**योएल २:२८-२९**
**यूहन्ना ७:३७-३९**

## तिनीहरू सबै पवित्र आत्माले भरिए

*"प्रेरित २:१-४ जब पेन्तिकोसको दिन आयो,तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए। २ अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो,र तिनीहरू बसेको पूरा घरै भरिदियो। ३ आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। ४ अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा लागे। ."*


**प्रेरित १:५ र ८**



# पत्रुसले ख्रीष्टको बारेमा प्रचार गरेका
## हामी प्रति परमेश्वरको प्रतिज्ञा

“प्रेरित २:१४-१७ तर प्रत्रुसले एघार जनासँग खड़ा भएर उच्च सोरमा तिनीहरूलाई भने, "यहूदियाका मानिस हो, र यरूशलेमका जम्मै बासिन्दाहरू, तपाईहरूलाई यो कुरा थाहा होस्, र मेरा कुरा सुन्नुहोस्। १५ किनभने तपाईहरूले ठान्नुभएझैँ यिनीहरू मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ । १६ तर योएल अगमवक्ताद्धारा भनिएको कुरा यही हो, १७' आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु, ..........”

“प्रेरित २:३६ " त्यसकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशु, जसलाई तपाईहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।"



## अब हामीले के गर्ने ?

“ प्रेरित २:३८-३९ प्रत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशु ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ । ३९ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ। "

**३००० ले ख्रीष्टलाई ग्रहण गरेका !**

प्रेरित २:४१

# पश्चात्ताप

## *पहिलो कदम मुक्तिको लागि परमेश्वरको योजना*

***विगतको  पापमाथि दुःख र विश्वस्त अनुभव गर्नु अनि भविष्यको पापबाट टाढा रहनुपर्ने***

**बप्तिस्मा दिने यूहन्नाले पश्चात्तापको विषयमा प्रचार गर्नु भएको**

**मत्ती ३:२**
**मर्कूस १:४**


**प्रभु येशूले पश्चात्तापको विषयमा प्रचार गर्नु भएको**

**लूका १३:३**
**लूका २४:४८**

**प्रत्रुसले पश्चात्तापको विषयमा प्रचार गर्नु भएको**

**प्रेरित २:३८**

***“२ प्रत्रुस ३:९ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।.”***



# बप्तिस्मा गर्दा उहाँसँगै गाडिनु

"मत्ती २८:१९ यसकारण जाओ,र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ ।"

" मर्कूस १६:१६ विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ,तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।"

" यूहान्ना ३:५ येशू जवाफ दिनुभयो,"साँच्चै म तिमीलाई भन्दछु,कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्‍वरको राज्यमा पस्न सक्दैन।"

" प्रेरित २:३८ पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ । "

*" प्रेरित ८:१६ किनकि त्यतिन्जेलसम्म तिनीहरूमध्ये कुनैमाथि पनि उहाँ आउनुभएको थिएन। तिनीहरूको बप्तिस्मा प्रभु येशूको नाउँमा मात्र भएको थियो। "*

" प्रेरित ८:३८-३९ तिनले रथ रोक्‍ने आज्ञा दीए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए। ३९ तर जब उनीहरू पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे ।"

" प्रेरित १०:४८ अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीं रहनुहोस् भनी अनुरोध गरे ।"

*" प्रेरित २२:१६ त अब किन पर्खनुहुन्छ? उठ्नुहोस्,र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफना पाप धुनुहोस् । '*



*"प्रेरित १९:५ प्रेरित १९:५ यो कुरा सुनेर उनीहरूले प्रभु येशूको नाउँमा बप्तिस्मा लिए । "*

" रोमी ६:४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाड़ियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जिवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं । "

*गलाती ३:२७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ।*


## कसरी ?

**येशू ख्रीष्टको नाउँमा पनीमा डुबाएर**

## को ?

**सबै नयाँ क़रारको विश्‍वासी बप्तिस्मा लिएका**

# के तिमीले पवित्र आत्मा पाएउ ?



**येशूले भन्नुभयो ...**

*“यूहान्ना ३:५ येशु जवाफ दिनुभयो,"साँच्चै म तिमीलाई भन्दछु,कोही पानी र आत्माद्‌वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन।.”*



**प्रत्रुस भन्नुभयो.......**

*“प्रेरित २:३८-३९ २:३८-३९ प्रत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशु ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ ।३९ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ। "*



**पावलले भन्नुभयो....**


“ रोमी ८:९ यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पाप-स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन ।”

# पवित्र आत्माको प्रमाण

" प्रेरित २:४ अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारण बमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे। "


**प्रेरितहरु** – प्रेरित २
येशू ख्रीष्टको आमा -प्रेरित २
**सामरिया** – प्रेरित ८
**कर्नेलियस , उनको परिवार र साथीहरु - प्रेरित १०**
**बप्तिस्मा दिने यूहन्नाको चेलाहरू - प्रेरित १९**
**पावल** – १ कोरिन्थी १४:१८ र ३९

**" प्रेरित १०:४६ किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने.... "**



**पवित्र आत्मा सबैको लागि हो** **प्रेरित ११:१४-१७**

# पवित्र आत्माको शक्ति



# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल अध्ययन



पाठ नौ

# आत्मिक वरदानहरु

**१ कोरिन्थी १२:१-१०**



# पुरानो मानिस देखि नयाँ मानिस




गलाती ५: १९-२१

व्यभिचार , अशुद्धता, अनैतिकता, मूर्ति-पूजा, तन्त्र-मन्त्र, दुश्मनी, झै-झगड, इर्ष्या, क्रोध, स्वार्थ, फूट, गुटबन्दी, डाह, मद्धपान, मोजमज्जा

गलाती ५:२२

प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता नम्रता , संयम


# पवित्रताको सौन्दर्य

“भजनसंग्रह २९:२ परमप्रभुको नाउँलाई सुहाउँदो महिमाको स्रेय उहाँलाई देओ। उहाँको पवित्रताले सुशोभित भएर परमप्रभुको आराधना गर ।”

*“मत्ती ५:१६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।.”*

*“२ कोरिन्थी ७:१ यसकारण हे प्रिय हो, हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं, र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढ़ाउँदैजाऔं ।.”*


*“हिब्रू १२:१४ सबै मानिसहरूसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर; पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन ।”*



हाम्रो जीवन येशूको प्रतिबिम्ब जस्तै हुनुपर्छ।

# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल अध्ययन



## पाठ दस


# नयाँ नियमका मण्डली

**मण्डली बढ्दै गएको**

३००० मानिसहरु (प्रेरित २:४१) • ५००० मानिसहरु (प्रेरित ४:४) • मानिसहरूको भीड़ (प्रेरित ५:१४) • पूजाहारीहरुको संख्या ( प्रेरित ६:७ )


---

## *संगति*




**"प्रेरित २:४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे ।"**

## *संगतिमा पहिलो आश्चर्यकर्म*




***"प्रेरित ३:८ अनि जुरूक्कै उठेर हिँड्दै र उफ्रँदै र परमेश्वरको स्तुति गर्दै तिनीहरूसँग मन्दिरमा पस्यो। ."***

## *बारनाबासले बाटो देखाएका*



**"प्रेरित ४:३७ उनले आफ्नो जमीन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए ।"**

# मण्डलीको सतावट




*"प्रेरित ७:५८ तिनीहरूले तिनलाई शहर बाहिर निकाली लगे, र तिनीमाथि ढुङ्गा बर्साए। र साक्षीहरूले आफ्ना वस्त्रहरू शाऊल नाउँ भएको एउटा युवकका खुट्टानेर राखे। ."*

**शाऊल स्तिफनसको हत्यामा सहमत**
**प्रेरित ८:१**

**शाऊलले घर-धरमा पसेर मण्डलीलाई संहार गरेका**
**प्रेरित ८:३**

**"प्रेरित ९:४ तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, "शाऊल, शाऊल, तिमी किन मलाई असताउँछौ ?"**



**स्तिफनसलाई ढुङ्गाले हानेर मारेका**
**प्रेरित ७:५४-६०**


शाऊलको बदलिएको
**प्रेरित ९:१-३१**

# अन्यजातियहरुमा सुसमाचार प्रचार /प्रत्रुस

“प्रेरित १०:३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने,"कर्नेलियस!"

“प्रेरित १०:९-१०भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस शहरको नजीक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए।”


“प्रेरित १०:३४-३५ तब पत्रुसले बोल्न थाले,"साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो उहाँसँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ ।”



कर्नेलियस र स्वर्गदूत




पत्रुस छतमा




अन्यजातिहरुले पवित्र आत्मा पाएको

# अन्यजातिहरुमा सुसमाचार प्रचार /पावल




पावल अरियोपागस पहाडमा

“ प्रेरित १३:४६ तर पावल र बारनाबासले साहस गरेर भने,"परमेश्वरको वचन सर्वप्रथम तपाईहरूलाई नै सुनाउनु आवश्यक थियो। तपाईहरूले यसलाई इन्कार गरी आफैलाई अनन्त जीवनको अयोग्य ठहराउनुभएकोले हामी अब अन्यजातिहरूकहाँ जानेछौं । “




पावल जेलमा

# परमेश्वरको वचनको अध्यान

घरेलु बाइबल अध्ययन



## पाठ एघार

# यरूशलेमको विनाश

**तीतसको सेनाहरु द्वारा  यरूशलेम नाश पारेका ( A.D ) ७०**

लूका १९:४३-४४
एउटा समय आउँदैछ कि तिम्रो शत्रुहरूले तिम्रो वरिपरि वाधाहरू खडा गराऊने छन्। तिमीलाई तिनीहरूले वरिपरिबाट घेर्नेछन् अनि तिमी सबै तिरबाट घेरामा पर्नेछौ। 44 तिनीहरूले तिमीलाई र तिम्रो मानिसहरूलाई ध्वंस पार्नेछन्। तिम्रो भवनहरूको एक ढुङ्गामाथिको अर्को ढुङ्गा पनि छाडिने छैन्। यो घट्ना घट्नेछ, कारण तिमी जान्दैनौ तिमीलाई बचाउन परमेश्वर कहिले आउँनु हुन्छ।"



# यहूदीहरु पलिश्तीमा फर्केका

*"यशैया ११:१२ उहाँले जाति-जातिहरूका निम्ति एउटा झन्डा खड़ा गर्नुहुनेछ, र इस्राएलका निकालिएकाहरूलाई र यहदाका छरपष्ट भएकाहरूलाई पृथ्वीको चौरै दिशाबाट भेला गराउनुहुनेछ। ."*

*"यशैया ४३:५-६ नडरा, किनकि म तँसित छु। म तेरा छोराछोरीहरूलाई पर्वदेखि ल्याउनेछु, र पश्चिमदेखि तिमीहरूलाई भेला गर्नेछु। ६ म उत्तम दिशालाई भन्नेछु, 'तिनीहरूलाई दिइहाल्।' र दक्षिण दिशालाई भन्नेछु, तिनीहरूलाई नथुन्।' मेरा छोराहरूलाई टाढ़ादेखि र मेरा छोरीहरूलाई पृथ्वीको पल्लो छेउदेखि ल्याओ, "*

*यर्मिया 29:14 तिमीहरूले मलाई भेट्टाउनेछौ,"परमप्रभु भन्नुहुन्छ,"र कैदबाट म तिमीहरूलाई फर्काइल्याउनैछु। मैले तिमीहरूलाई निर्वासन गरेर पठाएका सबै जाति-जातिहरू र ठाउँ-ठाउँहरूदेखि म तिमीहरूलाई जम्मा गर्नेछु,"परमप्रभु भन्नुहुन्छ,"र जुन ठाउँदेखि मैले तिमीहरूलाई निर्वासन गरेर पठाएको थिएँ, त्यही ठाउँमा म...*




**इस्राएल एक राष्ट्र बनिएको ,**

**बैशाख १५ , १९४८**

# अन्यजातिहरूको समय

## नबूकदनेसरको सपना


सुनको टाउको (बेबिलोन )

छाती र हातहरु चाँदीका (मादी फारसी)

पेट र तिघ्राहरु काँसाका (ग्रीस)

गोडाहरु फलामका ( रोमन साम्राज्य)

खुट्टाहरु केही फलाम र केही माटोका
( पुनर्जीवित रोमी साम्राज्य )





चट्टान (येशू ख्रीष्ट )

*“दानिएल २:३१-३३ "हे महाराजा, हजुरले हेरिरहनुहुँदा एउटा सालिक उभिएको देख्नुभयो। यो सालिक विसाल र अत्यन्तै चहकिलो देखिन्थ्यो र त्यसको रूप भयानक थियो। ३२ त्यस सालिकको टाउको निक्खर सुनको, त्यसका छाती र हातहरू चाँदीका, त्यसका पेट र तिघ्राहरू काँसाका, ३३ त्यसका गोड़ाहरू फलामका, र त्यसका खुट्टाहरू केही फलाम र केही माटोका खुट्टाहरू केही फलाम र केही माटोका थिए ।”*

*“दानिएल २:४७ राजाले दानिएललाई भने," साँच्ची नै तिमीहरूका परमेश्वर देवताहरूका पनि परमेश्वर र राजाहरूका प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुन्छ, किनभने तिमीले यो रहस्य खोल्न सक्यौ।"*

# अन्त्यका दिनका चिन्हहरु




# प्रभु येशू आफ्नो मण्डलीको निम्ति आहुनुहुनेछन



"१ थेसलोनिकी ४:१६-१७ किनकि प्रभु
स्वयम् हुकुमको गर्दनसित, प्रधान
स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको
सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा
मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछ। १७ तब
हामी बाँचिरहेका र छोड़िएकाहरू प्रभुलाई
आकाशमा भेट्न तिनीहरूका साथसाथै
बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं
प्रभुसँग रहनेछौं।"

मत्ती २४:४४    १ कोरिन्थी १५:५१-५४    थेसलोनिकी ४:१३-१७


# परमेश्वरको वचनको अध्यान



घरेलु बाइबल
अध्ययन

## पाठ बाह्र

# महासंकष्ट



मोहोर
मोहोर
मोहोर
मोहोर
मोहोर
मोहोर
मोहोर
सातवाट मोहोरहरु
प्रकाश ६ र ८:१
सात स्वर्गदूतहरु तुरही संग
प्रकाश ६ र ९
सात स्वर्गदूतहरु सात कचौरा संग
प्रकाश १६
असिना
भूकम्प
युद्ध
अनिकाल
मृत्यु
घाउहरु
४४५ वि.सी
बेबिलोनी कैदहरु
दानियलको साठी नौ हप्ताहरु
सात हप्ता (४९ वर्ष )To the
यरूशलेमको पुनर्निर्माण
६२ हप्ता ( ४३४ वर्ष ).
मसीह क्रुसमा झ्कुन्डएको समय सम्मा
मण्डलीको उमेर
दानियलले मण्डलीको उमेरको विषयको देखेनन्
The Rapture
दानियलको सत्तरीऔं हप्ताहरु
सात वर्ष ---
महासंकष्ट

# ख्रीष्ट-विरोधीको राज्य





**संसार एउटै सरकार ख्रीष्ट-विरोधीद्वारा नियन्त्रण गरिनेछ**

**प्रकाश १३ ले वर्णन गर्दछ कि एन्टिक्राईष्ट चहि समुद्रबाट बाहिर निस्किआउने पशु जस्तै हो**

**"... २ थेसलोनिकी २:३-४ कसैले कुनै किसिमले तिमीहरूलाई धोखा नदिओस्। किनकि, पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन। ४ त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र........."**

# आर-मागेड्डोनको युद्ध


**१४४,००० मोहोर**
**प्रकाश ७**



# प्रभु येशुको  दोस्रो आगमन र सहस्राब्दी



एन्टिक्राईष्ट र
सेनाहरुको नष्ट



*“जकरिया  १४:९ परमप्रभु समस्त पृथ्वीका राजा हुनुहुनेछ। त्यस दिन एकमात्र परमप्रभु हुनुहुनेछ र उहाँकै नाउँ मात्र हुनेछ।.”*

*“जकरिया  १४:४ त्यस दिन उहाँका खुट्टाले यरूशलेमको सामु पूर्वतिर भएको जैतून डाँड़ामा टेक्नेछन्, अनि पूर्वदेखि पश्चिमसम्म जैतून डाँड़ाको बीचमा धाँदो फाट्नेछ, र त्यहाँ एउटा ठूलो खोल्सा बनिनेछ। आधा पर्वत उत्तरतिर र आधा पर्वत दक्षिणतिर छुट्टिनेछ।”*

**प्रभू येशूले हज़ार वर्षसम्म राज्य गर्नेछन्**

**प्रकाश  २०:६**

**एक हज़ार वर्षसम्म शैतानलाई बाँधेर रख्नेछन्**

# ठूलो सेतो सिंहासनमा  न्याय



# समय समाप्त - त्यसपछि अनन्त जिवन



स्वर्गा  र पृथ्वीको नष्ट

२ प्रत्रुस  ३:१०




नयॉ स्वर्गा र नयॉ संसार

२ प्रत्रुस  ३:१०

प्रकाश  २१:१

"यूहान्ना  १४:२-३ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र , कि तिमीहरूका निम्ति ठाउ तयार पार्न म गइरहेछु ? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।."



नयाँ यरूशलेम.

प्रकाश  २१

"प्रकाश  २२:२०-२१ यी कुराको गवाही दिनेले भन्नुहुन्छ,"निश्चय, म चाँड़ै आउँदैछु।"  आमिन, आउनुहोस्, हे प्रभु येशू ।२१ प्रभु येशूको अनुग्रह सबै सन्तहरूसँग रहोस् । आमिन।"